# विद्यार्थी क्रियाकलाप गाइड

## प्रशिक्षकको निम्ति हरेक विद्यार्थीसित प्रयोग गर्नको लागि

निर्देशन र उदाहरणको विभाग ..... ३
क्रियाकलाप विभाग ..... २१
थप सूचक विभाग ..... १०३


**तालीम र वृद्धि**

T&M ®

# निर्देशन र उदाहरणको विभाग

# क्रियाकलाप सूची - प्रथम तह (मण्डलीद्वारा प्रारम्भ)

| साधारण सेवकाइ क्षेत्र | क्रियाकलाप | क्रियाकलाप नम्बर | पाष्टरीय अगुवा तालीम पुस्तिकाहरु |
|---|---|---|---|
| प्रार्थना र आराधनाको जीवन | विश्वाससित प्रार्थना र योजना<br>प्रार्थनामा विजय | क१<br>क२ | पुस्तिकाहरु २०, २४<br>पुस्तिकाहरु १३, २५ |
| सुसमाचार प्रचार र मण्डली वृद्धि | भेटघाट र साक्षी<br>नयाँ विश्वासीहरुलाई बप्तिस्मा दिनु र ग्रहण गर्नु<br>बिरामी र भूत लागेकाहरुको निम्ति प्रार्थना<br>सबै सदस्यहरुलाई सुसमाचारको निम्ति उत्साहित पार्नु | क३<br>क४<br>क५<br>क६ | पुस्तिकाहरु २, १५, १६, १७<br>पुस्तिका १<br>पुस्तिका २५<br>पुस्तिकाहरु ४, ५, ८, २६, ३२ |
| शिक्षण र चेलापन | इसाई जीवन जिउनलाई सिकाउनु<br>परमेश्वर र हाम्रा छिमेकीप्रति प्रेम वृद्धि गर्नु<br>बाइबल पढ्न अनि प्रयोग गर्न सिकाउनु | क७<br>क८<br>क९ | पुस्तिकाहरु ७, ३०, ३३<br>पुस्तिकाहरु १९, २१<br>पुस्तिकाहरु ९, १४ |
| मण्डली व्यवस्थापन, अगुवापन, अनि आत्मिकी वरदानहरु | मण्डली र यसका अगुवापनको व्यवस्थापन | क१२ | पुस्तिकाहरु ३, २३ |
| संयुक्त उपाषना अनि प्रभुभोज | परमेश्वरलाई पुज्नको निम्ति भेट हुनु<br>पारिवारिक प्रार्थना संचालन गर्नु | क१०<br>क११ | पुस्तिकाहरु ११, १२, १३, १८, ३१, ३४<br>पुस्तिका ६ |
| खाँचोमा परेकाहरुलाई दिनु अनि सेवा गर्नु | भण्डारेपनको विकास गर्नु | क१५ | पुस्तिका ३ |
| संगति र मण्डली जीवन | मण्डलीमा संगतिलाई वृद्धि गर्नु | क१३ | पुस्तिका २१ |
| पाष्टरीय वास्ता, सम्बन्ध, अनि परामर्श | खीष्टमा भएका विश्वासीहरुलाई भेटघाट अनि प्रोत्साहन | क१६ | पुस्तिकाहरु २२, २९ |
| पाष्टरीय अगुवापन तालीम | पाष्टरीय विद्यार्थीहरु भर्ना गर्नु | क१६ | पुस्तिकाहरु २४, १-३४ |
| राष्ट्रहरुलाई चेला बनाउनु | विश्वव्यापी सुसमाचारको निम्ति प्रार्थना गर्नु | क१७ | पुस्तिका २७ |
| क्रियाकलापहरुको मूल्यांकन | पहिलो लेभलको पुनर्विचार अनि मूल्यांकन | क१८ | पुस्तिकाहरु १०, २८ |

# क्रियाकलाप सूची - दोस्रो तह (मण्डलीद्वारा विकास)

| साधारण सेवकाइ क्षेत्र | क्रियाकलाप | क्रियाकलाप नम्बर | पाष्टरीय अगुवा तालीम पुस्तिकाहरु |
|---|---|---|---|
| प्रार्थना र आराधनाको जीवन | मण्डलीमा प्रार्थना विकास गर्नु | क१९ | पुस्तिकाहरु ४७, ५७ |
| सुसमाचार प्रचार र मण्डली वृद्धि | नयाँ ठाउँहरुमा सुसमाचार प्रचार | क२० | पुस्तिका ५२ |
| | नयाँ मण्डलीहरु स्थापना गर्नु | क२१ | पुस्तिकाहरु ३७, ५० |
| शिक्षण र चेलापन | चेला बनाउने अभ्यास | क२२ | पुस्तिका ७ |
| | बाइबल शिक्षणलाई विकास गर्नु | क२३ | पुस्तिकाहरु ४२, ५१, ६१ |
| | झूटा शिक्षासित कसरी सामना गर्ने | क२४ | पुस्तिका ६२ |
| | विरोध र सतावट सामना गर्नु | क२५ | |
| मण्डली व्यवस्थापन, अगुवापन, अनि आत्मिकी वरदानहरु | योजना गर्ने अनि जिम्मेवारीहरु मण्डलीका अगुवाहरु (एल्डर डिकनहरुमा) बाँड्ने | क२८ | पुस्तिका ४९ |
| | दैनिक कामको निम्ति एउटा पात्रो बनाउने | क२९ | पुस्तिका ५४ |
| | प्रशासनिक सभाहरु डाक्ने | क३० | पुस्तिका ४५ |
| | विश्वासीहरुमा भएको वरदानहरुलाई विकसित गर्ने | क४३ | पुस्तिका ६० |
| | सुधार र सेवकाइको निम्ति झुण्डहरु तयार पार्ने | क४४ | पुस्तिका ४४ |
| | विशेष सेवकाइहरु विकास गर्ने | क४५ | पुस्तिका ४४ |
| | नानीहरुको लागि सेवकाइहरु विकास गर्ने | क४६ | पुस्तिका ५१ |
| | जवानहरुलाई परिचालन गर्नु | क४७ | |
| संगठित आराधना अनि प्रभुभोज | बाइबलका सन्देशहरु प्रचार गर्नु | क२६ | पुस्तिकाहरु ३५, ४३, ५८, ५९ |
| | विशेष सेवाहरु र सभाहरु आयोजना गर्नु | क२७ | पुस्तिकाहरु १२, ३१, ३४ |
| खाँचोमा भएकाहरुलाई दिनु अनि सेवा गर्नु | भिजिटको निम्ति विश्वासीहरुलाई परिचालन गर्नु | क४० | पुस्तिका ४८ |
| | खाँचोमा परेकाहरुलाई सहायता गर्नु | क४१ | पुस्तिका ४० |
| | पाष्टर र अरु सेवकहरुलाई सहायता पुऱ्याउने | क४२ | |
| | असल नागरिकका जिम्मेवारीहरु निभाउने | क४८ | पुस्तिका ३६ |
| संगति र मण्डली जीवन | मनोरंजनका कार्यक्रमहरु आयोजना गर्ने | क३१ | पुस्तिका ४६ |
| | झगडा र विभाजनका कुराहरुलाई मिलाउने | क३२ | |
| पाष्टरीय वास्ता, सम्बन्ध, अनि परामर्श | पारिवारिक जीवनलाई बलियो पार्नु | क३३ | पुस्तिका ५६ |
| | मण्डलीमा प्रेम विकास गर्नु | क३४ | पुस्तिका ५३ |
| | प्रेमिलो अनि बाइबलीय अनुशासन लागू गर्ने | क३५ | पुस्तिका ४१ |
| | परामर्शद्वारा समस्याहरु समाधान गर्ने | क३६ | पुस्तिका ३९ |
| | आधारभूत तहमा सल्लाहकारहरुलाई तालीम दिने | क३७ | पुस्तिका ३९ |
| | बिरामीहरुलाई उत्साहित पार्दै प्रार्थना गरिदिने | क३८ | पुस्तिकाहरु २५, ३८ |
| | भूतले ग्रसितहरुलाई छुटकारा दिलाउने | क३९ | पुस्तिका ५७ |
| पाष्टरीय अगुवापन ालीम | नयाँ पाष्टरीय विद्यार्थीहरुलाई तालीम दिने | क४९ | पुस्तिका २४ |
| राष्ट्रहरुलाई चेला बनाउने | विश्वव्यापी मिसनमा सदस्यहरुलाई समावेश गराउने | क५० | पुस्तिकाहरु २७, ३७ |
| | मिसनेरी तालीम शुरु गर्ने | क५१ | पुस्तिका ५५ |
| | मिसनेरी कामलाई सहायता पुऱ्याउने | क५२ | |
| क्रियाकलापहरुको मूल्यांकन | दोस्रो लेभलको अवलोकन र मूल्यांकन | क५३ | पुस्तिका १० |

# क्रियाकलाप सूची - तेस्रो तह (मण्डलीको वृद्धि)

| साधारण सेवकाइ क्षेत्र | क्रियाकलाप | क्रियाकलाप नम्बर | पाष्टरीय अगुवा तालीम पुस्तिकाहरु |
|---|---|---|---|
| प्रार्थना र आराधनाको जीवन | सबै मण्डलीहरुमा प्रार्थनालाई बढाउँदै लैजाने | क५४ | |
| सुसमाचार प्रचार अनि मण्डली वृद्धि | अरु जातिहरु अनि संस्कृतिका मानिसहरु भएका क्षेत्रहरुमा पनि सुसमाचार प्रचार गर्ने | क५५ | पुस्तिकाहरु ३७, ५५ |
| | मण्डलीहरुको वृद्धिलाई संयोजन गर्ने | क५६ | |
| | नयाँ घरेलु झुण्डहरु बढाउँदै लाने | क५७ | पुस्तिका ३७ |
| शिक्षण र चेलापन | बाइबल अध्ययनका शीपहरु र प्रयोगलाई अरु उन्नति गर्दै लाने | क५८ | |
| | शिक्षणका नयाँ तरिकाहरु विकास गर्ने | क५९ | |
| मण्डली व्यवस्थापन, गुवापन, अनि आत्मिक वरदानहरु | सहयोग र निरीक्षणको निम्ति विस्तृत नेटवर्कहरु स्थापित गर्ने | क६३ | |
| | सेवकाइहरुको मूल्याङ्कन, अपडेट, अनि विस्तार गर्ने | क६७ | |
| संगठित आराधना अनि प्रभुभोज | मण्डलीहरुको माझमा सेवाहरु आयोजना गर्ने | क६० | |
| | संगीत सेवकाइलाई बलियो पार्ने गर्नु | क६१ | |
| | प्रचारलाई सुधार्नु | क६२ | |
| खाँचोमा भएकाहरुलाई दिनु अनि सेवा गर्नु | सामाजिक सेवालाई विस्तार गर्ने | क६८ | |
| संगति अनि मण्डली जीवन | मण्डलीहरुको माझ संगति विकास गर्ने | क६४ | पुस्तिका ६३ |
| | संगतिलाई बढाउने अनि व्यवस्थाद्वारा धर्मी ठहरिने शिक्षासँग लड्ने | क६५ | |
| पाष्टरीय वास्ता, सम्बन्ध, अनि परामर्श | परामर्श सेवकाइलाई अरु विकास गर्ने | क६६ | |
| पाष्टरीय अगुवा तालीम | नयाँ पाष्टरी तालीमका "साङ्लाहरु" तयारी गर्ने | क६९ | |
| | सबै मण्डलीहरुमा पाष्टर अनि एल्डरहरुलाई बलियो पार्ने | क७० | |
| | नयाँ पाष्टरीय तालीम पुस्तिका तयार पार्ने | क७१ | |
| | पाष्टरहरुलाई अरु विकसित तालीम उपलब्ध गराउने | क७२ | |
| राष्ट्रहरुलाई चेला बनाउनु | मिसनेरीहरु छान्ने, तालीम दिने, अनि पठाउने | क७३ | पुस्तिकाहरु २७, ३७, ५५ |
| | मिसनेरी कार्यक्रमलाई निरीक्षण र सहयोग गर्ने | क७४ | |
| मूल्याङ्कन र क्रियाकलापहरु | तेस्रो लेभललाई अवलोकन र मूल्यांकन गर्ने | क७५ | पुस्तिका १० |

# क्रियाकलाप सूची कसरी थाहा गर्ने

"यो विद्यार्थी क्रियाकलाप गाइड" "तालीम र वृद्धि" को निम्ति आधार हो । यसलाई प्रयोग गर्न सिक्नु अति खाँचो छ ।

पृष्ठ ५-७ मा पाइने क्रियाकलाप सूचीलाई राम्ररी हेर्नोस् । त्यहाँ तीन तहहरु पाइन्छन् ।

- पहिलो तहमा हामी "साधारण सेवकाइ क्षेत्र"का सूचीहरु पाउँछौं ।
- दोस्रो तहमा हामी "क्रियाकलापहरु" का सूचीहरु तिनका नम्बरसहित पाउँछौं ।
- तेस्रो तहमा हामी "अध्ययन पुस्तिकाहरु" तिनका नम्बरसहित पाउँछौं ।

हरेक विद्यार्थी वा उसको मण्डलीले गर्न चाहेको क्रियाकलाप थाहा गर्न यो क्रियाकलाप सूची प्रयोग गरिन्छ ।

हरेक कुराको निम्ति क्रियाकलापहरु मुख्य छन् । तपाईले तिनीहरुलाई क अक्षरबाट चिन्न सक्नुहुनेछ । (उदाहरणको निम्तिः क्रियाकलाप क१, क्रियाकलाप क२, क्रियाकलाप क३'।०

साधारण सेवकाइ क्षेत्रहरु अनुसार क्रियाकलापहरु समूहगत पारिएको छ । यी साधारण सेवकाइ क्षेत्रहरु तीन तहमा प्रगतिशील रुपमा दोहोरिएका छन् ।

# पहिलो सेसनमा के गरिन्छ

## १ पाष्टरीय तालीम लिन आएका विद्यार्थीलाई भर्ना गर्ने

यी अध्ययनहरु बाइबलले माग गरेको एल्डरको योग्यता पूरा गर्ने पाष्टरीय अगुवाहरुको निम्ति मात्र हुन् ।

पृष्ठ १७ मा भएको विद्यार्थी जानकारी फारम तपाईको रिकर्डको निम्ति भरिराख्नोस् ।

## २. हरेक विद्यार्थी प्रतिवेदन सुन्नोस्

हरेक विद्यार्थीलाई उसको मण्डली वा झुण्डले गरेको प्रगतिबारे सोध्नु होस् । हरेक विद्यार्थीले गोठाले सेवकाइ गरेको हुनुपर्छ (अथवा तुरन्त प्रारम्भ गर्नुपर्छ)। जहाँ अझसम्म मण्डली छैन, त्यहाँ उसले आफ्नो परिवार र मित्रहरु मिलाएर शुरु गर्न सक्छ ।

हरेक विद्यार्थीले सेवा गर्ने मौका पाएको बारेमा कुरा गर्न लाउनोस् ।

## ३. अभ्यासका कामहरुबारे योजना गर्नोस्

विद्यार्थी र उसको झुण्डले के गर्ने हो सो योजना गर्न सहयोग गर्नोस् ।

अ) विद्यार्थीले उसको झुण्डको वर्तमान खाँचो र सेवकाइ अवसर अनुसार के गर्ने हो सो छान्नको निम्ति यो अध्ययनको शुरुमा दिइएको "क्रियाकलाप सूची" प्रयोग गर्नोस् ।

आ) विद्यार्थी र उसको झुण्डले के गर्ने हो सो योजना बनाउँदा उसलाई सहायता पुऱ्याउन क्रियाकलाप पनि प्रयोग गर्नुहोस् ।

उदाहरणको लागि, मानिलिउँ तपाईको विद्यार्थीले यस गाइडको पृष्ठ २७ भएको क्रियाकलाप ब्घ छानेको छ ।

क्रियाकलाप क३ को "भेटघाट अनि साक्षी" मा, तपाईले दुइ कुराहरु पाउनुहुनेछ :

- अभ्यासका काममा छनौटहरु
- अध्ययनको निम्ति छनौटहरु

जसलाई विद्यार्थीले उसको वर्तमान कार्यमा सघाउ पुग्ने गरी पूरा गर्नसक्नेछ ।

याद गर्नोस् अध्ययनको क्रियाकलाप क३ ले तीन छनौटहरु दिएको छ :

- बाइबल पठन
- पाष्टरीय अगुवा तालीम पुस्तिकाहरु
- अन्य पठन (कुनै अरु सामाग्रीहरु)

इ) व्यावहारिक कार्य रोजाइहरुमा आधार गरेर विद्यार्थी र उसको झुण्डलाई योजना बनाउन सहायता गर्नोस् ।

विद्यार्थीहरुलाई उनीहरुको योजनाहरु लेख्नको निम्ति अह्राउनु होस् । यी नोटहरु चाहिँ सेसनहरुको बीचमा उसको निम्ति सम्झना दिलाउने श्रोत हुनेछ । तपाई ट्रेनरले पनि विद्यार्थीको योजना अर्को सेसनमा अवलोकन गर्नको निम्ति राख्नुपर्दछ ।

प्रशिक्षकले आफ्नो कापीमा लेख्दछ :

| | |
|---|---|
| विद्यार्थी : | जोहन गोरे |
| सभा : | २.६.२००० |
| कार्य : | -श्री जोनेको परिवारलाई भेट्ने |
| अध्ययन गर्नुपर्ने : | -मत्ती २८<br>-नं. २ सर्वोत्तम सन्देश |
| अर्को सभा : | १६.६.२००० |

विद्यार्थीले आफ्नो कापीमा लेख्छ :

| | |
|---|---|
| मिति : | २.६.२००० |
| कार्य : | -श्री जोनेको परिवार लाई भेट्ने<br>-सुसमाचार प्रचार गर्ने |
| अध्ययन गर्नुपर्ने : | -मत्ती २८<br>-नं. २ सर्वोत्तम सन्देश |
| अर्को सभा : | १६.६.२००० |

यी योजनाहरु स्पष्ट र निर्दिष्ट हुन अति जरुरी छ । उनीहरुले "सुसमाचार प्रचार" मात्र होइन, तर श्री जोनेको परिवारलाई सुसमाचार प्रचार गर्ने भनी लेखे भनेर निश्चित हुनुहोस् ।

## ४. अध्ययन योजना

क्रियाकलापमा पाइने "अभ्यासका काममा छनौटहरु" मा हेर्दै गए, त्यहाँ तपाईले "अध्ययन छनौट" पाउनुहुनेछ। बाइबल पठन सूची र पाष्टरीय तालीम पुस्तिकाहरुको सूचीबाट एउटा अथवा बढी पदहरु चुन्नुहोस्।

याद गर्नोस् हरेक पाष्टरीय तालीम पुस्तिकामा नम्बर छ। "तालीम र वृद्धि" ले ६३ वटा पुस्तिकाहरु उपलब्ध गराएको छ।

अर्को सेसनमा अवलोकन गर्नको निम्ति यी अध्ययन योजनाहरु पनि लेखिराख्नोस्।

## ५. प्रार्थना

सेसनको कुनै समयमा विद्यार्थी, उसका मानिसहरु, अनि उसका योजनाहरुको निम्ति प्रार्थना गरिदिनोस्।

# सेसनहरु पश्चात के गर्नु पर्ने

## उदाहरणद्वारा नमूना बन्ने

नयाँ विद्यार्थीले कोही नमूनामय पाष्टरमा भएका दक्षताहरु हेर्नु पर्छ। विद्यार्थीले प्रशिक्षकलाई उनको सेवकाइ भएको ठाउँमा पछ्याउनसक्छ, अथवा प्रशिक्षकले विद्यार्थीलाई उसको अभ्यासको काममा सहायता पुऱ्याउन सक्छ।

आफ्ना चेलाहरुलाई अह्राउनुभएका कामहरु उनीहरुले गर्न सक्ने गरी गरेर देखाउनु भई येशू हरेक कुरामा नमूना बन्नुभयो।

# पछिल्ला सेसनहरुमा विद्यार्थीसित के गर्नुपर्ने हो

हरेक सेसन शुरु गर्नुभन्दा अघि, परमेश्वरको सहयोग र अगुवाइको निम्ति प्रार्थना गर्नुहोस् ।

## सुन्नुहोस् ।

- विद्यार्थी र उसको झुण्डले के गरिरहेको छ त्यसबारेमा विद्यार्थीको प्रतिवेदन सुन्नुहोस् ।
- पछिल्ला सेसनको नोटसित दँजाउनुहोस् ।
- उसको झुण्डको प्रगति मूल्याङ्कन गर्न उसलाई सहयोग गर्नुहोस् ।

## नयाँ अभ्यासको कामको निम्ति योजना गर्नुहोस् ।

विद्यार्थीलाई निम्न प्रश्नहरु गरेर योजना गर्न सहयोग गर्नुहोस् ।

- तपाईले गत सभामा योजना गर्नुभए बमोजिम के तपाईका मानिसहरुले गरिरहेका छन् ? (तपाईले पछिल्लो पटक लेख्नुभएको योजनाहरु हेर्नुहोस् ।)
- कुन कामले असल परिणाम दिएको छ ? किन ? कसरी अझ यसमा अरु प्रगति गर्नसक्नुहुन्छ ?
- के तपाईका मानिसहरुले समस्याहरु झेल्नु पर्‍यो ? किन ? तपाईले अब के गर्नुहुन्छ ?
- "क्रियाकलाप सूची"बाट तपाईको झुण्डले अब कुन क्रियाकलाप गर्नुपर्ला ? के अहिले चलिरहेको क्रियाकलाप नै कायम राख्नुपर्ला कि, नयाँ शुरु गर्नु पर्ला ?
- तपाईले एउटा क्रियाकलाप चुन्नुभयो । अब यसको मुन्तिर लेखिएका कुन अभ्यासको काम तपाईको झुण्डको निम्ति गर्नुपर्ला ?

## दोहोऱ्याउनुपर्ने अध्ययनहरु पूरा गरियो

गत सेसनको बेला तपाईले दिनुभएको पाठबाट विद्यार्थीले के सिक्यो त्यो सोध्न सक्नुहुन्छ । तपाईले पाष्टरीय तालीम पुस्तिका पनि हेर्नुहोस् जसभित्र उसले प्रश्नका उत्तरहरु पनि लेखेको हुनसक्छ ।

## नयाँ अध्ययन सामाग्रीहरु दिनुहोस्

विद्यार्थीको योजना अनुसारको "बाइबल अध्ययन" र "पाष्टरीय तालीम पुस्तिका" (अध्ययनको निम्ति छनौटमुनि राखिएको) चुन्नुहोस् ।

प्रशिक्षकले विद्यार्थीको योजना अनुसारको "पाष्टरीय अध्ययन पुस्तिका" कसरी चुन्नुहुन्छ, थाहा गर्नोस् ।

अझ हामी यो कुरोमा जोड दिन चाहन्छौं कि विद्यार्थीको योजना एकदमै निश्चित हुनुपर्छ ।

स्पष्ट र विस्तृत :

गर्नुपर्ने योजनाहरु
पाष्टरीय जिम्मेवारीहरु मिति : १२.९.२०००
अ) प्रत्येक दिन बेन्सन, कुमार र प्रदीपको घरानाको परिवर्तनको निम्ति प्रार्थना गर्नोस् ।
आ) आइतबार अपरान्ह– उनीहरुलाई भेट्नोस् अनि "सर्वोत्तम सन्देश" बाट अध्ययन १ प्रयोग गर्नुहोस् ।
इ) शनिबार अपरान्ह– पत्रुसलाई लिएर होम्स क्षेत्र जानोस् अनि नयाँ व्यक्तिहरुलाई भेट्नोस् ।
अध्ययन योजनाहरु :
क) पुस्तिका २ : सर्वोत्तम सन्देश
ख) मर्कूसको सुसमाचार पढ्ने
अर्को सभा : बिहीबार २४ तारिख ७:३० बेलुकी

पर्याप्त विवरण छैन :

गर्नुपर्ने योजनाहरु
पाष्टरी जिम्मेवारी मिति : नवम्बर_____
क) धेरै प्रार्थना गर्नोस् ।
ख) अर्को साता कुनै बेला प्रचार गर्नोस् ।
अध्ययन :
क) पुस्तिका २
ख) मर्कूसको पुस्तक पढ्ने
अर्को सभा :
जब प्रशिक्षकले भियाउनु हुन्छ
मेरै ठाउँमा

# सारांश

हरेक तालीम सेसनमा प्रार्थना सँगसँगै निम्न कुराहरु हुनुपर्छ :

| | मूल्याङ्कन | योजनाहरु |
|---|---|---|
| **अभ्यासका कामहरु** | विद्यार्थीको मण्डली वा झुण्डसित विद्यार्थीले पूरा गर ेका जिम्मेवारीहरुको प्रतिवेदन प्रशिक्षकले सुन्नेछ । | आफ्नो झुण्डसित मिलेर अब के गर्नुपर्ने हो विद्यार्थीले योजना मिलाउँदछ । |
| **अध्ययनहरु** | विद्यार्थीले अध्ययनहरु के कसो गऱ्यो, प्रशिक्षकले सुन्छ वा जाँच्छ । | योजना गरिएको काम अनुसार प्रशिक्षक र विद्यार्थीले नयाँ पाठहरु चुन्छन् । |

याद गर्नोस्, भाइ, यो पुस्तिका एक निर्देशिका हो । यसले तपाईको विद्यार्थीलाई अभ्यासको काम र अध्ययनहरुमा अगुवाइ गर्नेछ । इमान्दारपूर्वक यसलाई प्रयोग गर्नोस्, तर सिर्जनशील पनि हुनुहोस् ।

पवित्र आत्माको अगुवाइमा, पाष्टरीय विद्यार्थीहरुलाई चेला बनाउन यो निर्देशिकाका सिद्धान्तहरु सिक्न र विकास गर्न सक्नुहुन्छ । तपाईले यस निर्देशिकामा नभएका अभ्यासका कामहरु अनि अध्ययन छनौटहरु थप्नसक्नु हुन्छ । मुख्य कुरो चाहिँ तपाईका विद्यार्थीहरुलाई "तालीम" दिनु हो, जसले मण्डलीहरु र सेवकहरु "वृद्धि" गर्नसकून् ।

प्रभुले तपाईलाई तपाईको काममा सामर्थ्यवान् तुल्याऊन् ।

# पाष्टर ? पाष्टरीय अगुवा ?

तावृले सम्पूर्ण विद्यार्थी क्रियाकलाप गाइड र ६३ वटा पाष्टरीय अगुवा तालीम पुस्तिकाहरुमा "पाष्टर" र "पाष्टरीय अगुवा" शब्दहरु चलाएको छ। जब यी शब्दहरु प्रयोग भएका हुन्छन्, तावृले निम्न परिभाषामा चलाएको मान्नुपर्दछ।

- तावृमा भनिएको पाष्टरीय अगुवा भन्नाले त्यो व्यक्ति बुझिन्छ जसले मानिसहरुलाई पाष्टरीय भूमिकामा अगुवाइ प्रदान गर्दछ।

- तावृमा एक पाष्टरीय अगुवाले परमेश्वरका मानिसहरुको निम्ति गोठालोको भूमिका पूरा गर्दछ ताकि तिनीहरुले येशूको आज्ञा प्रेममा पालन गर्दछन् अनि परमेश्वरको वचनले देखाएको र चाहना राखेको अनुसार अरुहरुको सेवा गर्दछन्।

- तावृमा भनिएको पाष्टरीय अगुवाहरुले परमेश्वरको वचन सिकाउने मात्र गर्दैनन् तर त्योभन्दा बढी गर्दछन्, तिनीहरुले मानिसहरुलाई सक्रिय सेवकाइमा ल्याउँछन्। यदि कुनै व्यक्तिले केवल सिकाउने काम गर्दछ भने, हुन ता सिकाउने काम उनीहरुलाई आत्मिक वृद्धिको लागि फायदाजनक भए तापनि, त्यो व्यक्तिले पाष्टरी अगुवाको रुपमा आफ्नो भूमिका पूर्ण रुपले निभाएको हुँदैन।

- तावृमा भनिएको पाष्टरीय अगुवा त्यो व्यक्ति हो जसलाई उसको मण्डली, सेल अथवा सानो झुण्डले अगुवाको रुपमा मानिलिएको हुन्छ। यो अगुवालाई त्यो व्यक्तिको रुपमा मान्यता प्राप्त हुन्छ जसले येशूको आज्ञा पूरा गर्न विश्वासीहरुले एकाअर्काको सेवा गर्न मण्डलीलाई सहायता गर्दछ।

पाष्टरीय अगुवालाई बुझाउनको लागि विभिन्न भूमिकाहरु छन् जस्तै "पाष्टर", "एल्डर", अथवा "सुपरिवेक्षक"। एउटा मण्डलीमा एकभन्दा बढी पाष्टरीय अगुवाहरु हुन सक्छन्। सबै क्षेत्रमा परम्परा अनुसारको पाष्टर हुनै पर्ने अर्थलाई मात्र तावृले जोड दिँदैन। निश्चय, एफिसी ४:११ मा "पाष्टर" को बाइबलीय शब्द (धारणा) प्रयोग भएको छ। एल्डर र विशपहरुले अरुहरुको निम्ति गोठालोको भूमिका निभाउनु पर्दछ, प्रेरित २०:२८।

“पाष्टरीय सेवा” गर्नुपर्ने अरु व्यक्तिहरुलाई तालीम दिनको निम्ति पाष्टरीय अगुवाहरु अनि मिसनेरीहरुले तावृको सामग्री चलाउनु पर्ने हो । कतिपय अवस्थामा त, ती अगुवाहरुमा एल्डरको निम्ति चाहिने बाइबलीय योग्यता पनि पूर्ण रुपमा नहुन सक्छ ।

तावृ सामग्रीमा अरु शब्दहरु जस्तै पाष्टरीय तालीमे, सिकारु पाष्टर, अस्थायी एल्डर, आदि शब्दहरु प्रयोग भएका हुन सक्छन् ।

# पाष्टरका कर्त्तव्यहरु

नयाँ करारमा देहायबमोजिमका पाष्टरीय जिम्मेवारीहरु निम्न अनुसारका छन् । पाष्टर यी जिम्मेवारीहरुमध्ये एउटामा मात्र पोख्त भएर बस्दैन । उनी सबैमा वरदान प्राप्त व्यक्ति नहुन सक्छ, तर उनले आफ्नो बगालको निम्ति नमूना बनिदिन्छ । यी सबै कुराहरु पाष्टरीय पत्रहरु (तिमोथी र तितसलाई) बाट आउँछन् जो पावलले नयाँ पाष्टर तथा मण्डलीका अगुवाहरुलाई उनीहरुले के के गर्नुपर्ने हो भनी लेखेका हुन् ।

## बगाललाई अगुवाइ गर्नको निम्ति :

- मण्डलीमा भएका संगी एल्डरहरुसँग मिलेर काम गर्नोस्
  (उदाहरण याकूब ५:१४)

- अरु नयाँ पाष्टरहरु छान्नोस् अनि तालीम दिनोस्
  (२ तिमोथी २:२, तितस १:५, उदाहरण प्रेरित १४:२३)

- मण्डलीमा भएका सारा सदस्यहरुलाई उनीहरुको वरदान अनुसारको सेवकाइ गर्नलाई सुसज्जित पार्नोस् ।
  (एफिसी ४:११-१२, २ तिमोथी ३:१६-१७)

- बगालमाथि प्रभुत्व जमाएर होइन, तर नम्रतामा सेवा गरेर अगुवाइ गर्नु
  (मत्ती २०:२५-२८, १ पत्रुस ५:१-४)

- ब्वाँसाहरु– रीतिविधिमा जोड दिने, मण्डलीका मानिसहरुलाई लोभ्याएर भेडा चोर्नेहरुसित होशियार ।
  (प्रेरित २०:२८-३१)

## परमेश्वरसित सम्बन्धहरु बलियो बनाउनको निम्ति :

- प्रार्थना र अन्तरविन्ती गर्ने
  (१ तिमोथी २:१,८, याकूब ५:१४)

- ईश्वरीय जीवनको लागि नमूना बनेर सेवा गरौं
  (१ तिमोथी ४:१२)

- भूल गर्नेहरुलाई वचन अथवा कामद्वारा सुधारौं । विभाजन ल्याउने व्यक्तिहरुबाट अलग बसौं
  (१ तिमोथी ५:१९-२०, तितस ३:१०)

## खाँचोमा परेकाहरुको वास्ता गर्नको निमित्त :

- खाँचोमा परेकाहरुको वास्ता पुगेको छ कि छैन भनी ध्यान दिने काम गरौं, यस्ता कामको निम्ति डिकनहरु नियुक्त गरौं
  (१ तिमोथी ३:८-१३, ५:३-१४, उदाहरण प्रेरित ६:१-७)

- दिने काम गरौं, अनि अरुहरुलाई पनि दिनलाई सिकाऔं, विशेष गरी गोठालाको भूमिका निभाउने एल्डरहरुलाई सपोर्ट गर्नको निम्ति ।
  (१ तिमोथी ५:१७-१८, ६:१७-१९, तितस ३:१३-१४)

## वचनको प्रयोगको निम्ति :

- प्रचारकको काम गरौं
  (२ तिमोथी ४:५)

- जवानहरुलाई परामर्श दिने काम गरौं अनि आत्मिकी सहयोग चाहिनेहरुलाई– सुधारौं, अर्ती र उत्साह दिने काम गरौं
  (२ तिमोथी ४:२, तितस २:५)

- अधिकारसँग वचन सिकाउने काम गरौं
  (१ तिमोथी ४:११, तितस २:१५)

पाष्टरको "कर्त्तव्य" र उसको "योग्यता" मा हामी अलमल्ल पर्न हुँदैन । योग्यताले १ तिमोथी ३:१-७ मा सूची बनाइएको पाष्टरको "चरित्र" लाई संकेत गर्दछ ।

हामी आशा राख्दछौं कि यी व्याख्याहरुले पाष्टरमा हुनुपर्ने बाइबलीय जिम्मेवारीहरु के के हुन् भनी स्पष्ट पारेका छन् र परम्परादेखि चलिआएको पाष्टरको अर्थसँग भूल बुझाबुझ हुनेछैन ।

विद्यार्थी जानकारी फारम

विद्यार्थीको नाउँ: _____

ठेगाना: _____

मण्डली: _____

जन्म मिति: _____ प्रभुलाई पाएको मिति (यदि थाहा छ भने): _____

विवाहित / अविवाहित: _____

पहिले गरेको बाइबल कोर्स:

_____

स्कूल अथवा कलेजको अध्ययन:

_____

अर्को पाँच वर्षको निम्ति विद्यार्थीको मण्डली अथवा झुण्डका लक्ष्यहरु (मण्डली वृद्धि, नयाँ मण्डलीहरु, नयाँ सेवकाइहरु, इत्यादि):

_____

आफ्नो तालीम अवधिमा विद्यार्थीले गर्न चाहेको सेवकाइ:

_____

_____

_____

_____

_____

# गर्नुपर्ने
# कामको विभाग

# क१ विश्वाससँग प्रार्थना र योजना गर्नुहोस्

### प्रशिक्षकको निम्ति मुख्य सूचना :

याद गर्नोस्, तपाईको विद्यार्थीले उसले अगुवाइ गर्दैगरेको मण्डली अथवा झुण्डसित अभ्यासको काम गर्नुपर्दछ। यदि अझसम्म उसको झुण्ड छैन भने, उसले त्यो निर्माण गर्न सुसमाचार प्रचार गर्नुपर्दछ। प्रशिक्षकले उसलाई यस काममा सुपरिवेक्षण गर्नुपर्दछ।

## अभ्यासका काममा छनौटहरु

☐ परिचयात्मक पाष्टरीय तालीम पुस्तिका (२४ पाष्टरीय अगुवा तालीम अनि तपाई) को आधारमा, विद्यार्थीले कहाँ अनि कसरी उसको सेवकाइ शुरु गर्नुपर्ने हो त्यसबारे परमेश्वरको इच्छा खोज्दछ। पाष्टरीय प्रशिक्षकले उसलाई सहयोग गर्नेछ।

## अध्ययन छनौटहरु

**बाइबल पठन :**

☐ प्रेरित १० मा कसरी परमेश्वरले एक अगुवालाई डोऱ्याउनु भयो, पत्ता लाउनु होस्।

☐ निहेम्याह १ देखि ६ मा कसरी एक दर्शनलाई वास्तविकतामा परिवर्तन गर्नसकिन्छ, पत्ता लाउनु होस्।

**पाष्टरीय अगुवा तालीम पुस्तिका :**

☐ २० निहेम्याह: महान कामहरु कसरी गर्नु

☐ २४ पाष्टरीय अगुवा तालीम अनि तपाइ

**अन्य पठन :**

_____

_____

_____

# क२ प्रार्थनामा विजयी बन्नु

## अभ्यासका काममा छनौटहरु

- ☐ दिनहुँ प्रार्थना गर्ने अनि परमेश्वरको वचन अध्ययन गरेर आज्ञा पालन गर्ने बानी बसाल्नोस् ।
- ☐ सुसमाचार प्रचार र धेरै मानिसहरुको परिवर्तनको लागि प्रार्थना गर्नोस् ।
- ☐ "प्रार्थनाका विषयहरु" अनि "प्रार्थना गरेर उत्तर पाएकाहरु"को विवरण राख्ने काम थाल्नोस् ।
- ☐ मण्डलीमा अन्तर्विन्तीको सेवकाइलाई गहन पार्नोस् ।
- ☐ प्रार्थना गर्न सिकाउनोस् (अनि आवश्यक परे उपवास बस्न पनि)
- ☐ बिरामीहरु अनि भूतले सताइएकाहरुको निम्ति प्रार्थना गर्नोस् (हेर्नोस् क्रियाकलाप ब्छ)। नयाँ व्यक्तिहरुको आवश्यकताहरुको निम्ति प्रार्थना गर्नोस् ।

## अध्ययन छनौटहरु

**बाइबल पठन :**

- ☐ परमेश्वरका मानिसहरुका अगुवाले के खोज्नुपर्छ भनी २ इतिहास १:६-१२ मा बताइएको छ, पत्ता लाउनोस् ।
- ☐ सुसमाचार प्रसारको निम्ति हामीले कसरी प्रार्थना गर्नुपर्छ भनी मत्ती ९:३७,३८, एफिसी ६:१८-२०, २ थिस्स. ३:१,२ मा सिकाइएको छ, पत्ता लाउनोस् ।
- ☐ कसरी हाम्रा प्रभुले प्रार्थनाद्वारा आफूलाई परमेश्वरको इच्छामा सुम्पनुभयो, मत्ती २६:३६-४६ मा पत्ता लाउनोस् ।
- ☐ कसरी अब्राहामले प्रार्थनामा विजय पाए भनी उत्पत्ति १८:१६-३३ मा पत्ता लाउनोस् ।
- ☐ कसरी एक विधवाले प्रार्थनाको उत्तर पाइन् भनी लूका १८:१-८ मा पत्ता लाउनोस् ।

**पाष्टरीय अगुवा तालीम पुस्तिका :**

- ☐ १३ कसरी प्रार्थना गर्ने
- ☐ २५ हामीमा प्रभु येशू खीष्टको शक्ति

**अन्य पठन :**

# क३ भेटघाट र साक्षी

## अभ्यासका काममा छनौटहरु

- ☐ झुण्डका सदस्यहरुको आफन्तहरु अनि साथीहरुको सूची बनाउनोस्, अनि उनीहरुको निम्ति लगातार प्रार्थना गर्नोस् ।
- ☐ उनीहरुलाई "२ सर्वोत्तम सन्देश" अथवा यस्तै सामाग्री लिएर भेट्नोस् ।
- ☐ हरेक रुची लिने परिवारको प्रमुखले उसका परिवार अथवा साथीहरुलाई बाइबल कथाहरु सुनाउन् भनी उसलाई सहायता गर्नोस् ।
- ☐ भेटघाटको निम्ति तालीम दिन अरु विश्वासीहरुलाई तपाईसँगै लैजानु होस् ।
- ☐ सुसमाचार प्रचार विभिन्न तरिकाहरु अप्नाउनोस् अनि अति प्रभावशाली तरिका पत्ता लाउनोस् ।

## अध्ययन छनौटहरु

**बाइबल पठन :**

- ☐ कसरी पापमा आदमको पतनले सारा मानव समुदायलाई पतित तुल्यायो, उत्पत्ति १-३ मा पत्ता लाउनोस् ।
- ☐ मानिसको पापको दण्ड तिर्न कसरी एक निर्दोष पशुको बलि भयो भनी उत्पत्ति ३ मा पत्ता लाउनोस् ।
- ☐ मत्ती ४:१-११ मा उनीहरुलाई आएको परीक्षाअनुसार आदम र येशूबीचको भिन्नता पत्ता लाउनोस् ।
- ☐ मर्कूस १४-१६ मा येशूको कष्ट र विजय पत्ता लाउनोस् ।

**पाष्टरीय अगुवा तालीम पुस्तिका :**

- ☐ २ सर्वोत्तम सन्देश
- ☐ १५ येशूले तपाईलाई बोलाउनु हुन्छ
- ☐ १६ येशू खीष्टले हाम्रो शत्रुलाई परास्त पार्नुहुन्छ
- ☐ १७ बप्तिस्मा दिने यूहन्ना

**अन्य पठन :**

_____

_____

# क४ नयाँ विश्वासीहरुलाई बप्तिस्मा दिनु अनि ग्रहण गर्नु

## अभ्यासका काममा छनौटहरु

- ☐ नयाँ विश्वासीहरु पवित्र आत्माले भरिऊन् भनेर प्रार्थना गर्नुहोस् ।
- ☐ बप्तिस्माको लागि अथवा मण्डलीको सदस्यहरु नवीकरण गर्नुपर्ने व्यक्तिहरुको पहिचान गर्नुहोस् ।
- ☐ ठाउँ, मिति अनि चाहिँदो कुराहरु तयार पार्नोस् ।
- ☐ समारोहलाई सुसम्पन्न गर्नोस् ।

## अध्ययन छनौटहरु

**बाइबल पठन :**

- ☐ उत्पत्ति ५-९ मा पवित्र परमेश्वरको अघि पश्चाताप गर्नुपर्ने खाँचोलाई पत्ता लाउनोस् ।
- ☐ प्रस्थान १४-१५ मा, इस्राएलीहरुले कसरी लाल समुद्रमा बप्तिस्मा लिए सो पत्ता लाउनोस् ।
- ☐ प्रेरित १६:१९-४० अनुसार कसले, कहिले, अनि कुन शर्तमा बप्तिस्मा पाए, पत्ता लाउनोस् ।
- ☐ रोमी ५:१२ देखि ६:१४ पढेर खीष्टमा बप्तिस्माको महत्त्व पत्ता लाउनोस् ।

**पाष्टरीय अगुवा तालीम पुस्तिका :**

- ☐ १ नयाँ विश्वासीहरुलाई बप्तिस्मा दिनु

**अन्य पठन :**

_____

_____

_____

_____

_____

# क५ बिरामीहरु अनि भूतले सताइएकाहरुको निम्ति प्रार्थना गर्नु

## अभ्यासका काममा छनौटहरु

☐ यो विशिष्ट सेवकाइमा विशेष अनुभव हासिल गरेको व्यक्तिको निर्देशनमा रहेर तपाईले आफैलाई राम्ररी तयारी पार्नोस् ।

☐ सम्भव भएमा, यसै सेवकाइमा अनुभवी व्यक्तिसँग मिलेर यो सेवकाइलाई वृद्धि गर्नोस् ।

## अध्ययन छनौटहरु

**बाइबल पठन :**

☐ १ राजा १७ मा एलियाले मृत बालकलाई के गरे, पत्ता लाउनोस् ।

☐ प्रेरित १६:१६-१८ मा, भूतलाई धपाउन पावलले के गरे, पत्ता लाउनोस् ।

☐ एफिसी ६:१०-२० मा, परमेश्वरको हतियारका विभिन्न भागहरुको उद्देश्य पत्ता लाउनोस् ।

**पाष्टरीय अगुवा तालीम पुस्तिका :**

☐ २५ हामीमा प्रभु येशू खीष्टको शक्ति

**अन्य पठन :**

_____

_____

_____

_____

_____

# क६ सबै सदस्यहरुलाई सुसमाचारको निम्ति प्रोत्साहित गर्नु

## अभ्यासका काममा छनौटहरु

- ☐ झुण्डका सबै सदस्यहरु प्रभावशाली साक्षीहरु बनून् भनेर प्रार्थना गर्नोस् ।
- ☐ हरेक साता सुसमाचार प्रचारमा जान मिल्ने गरी समयलाई राम्ररी मिलाउनोस् ।
- ☐ सुसमाचारमा रुची लिने व्यक्तिहरु पत्ता लाउनोस् ।
- ☐ नयाँ विश्वासीहरुलाई "२ सर्वोत्तम सन्देश" पुस्तिका चलाउन सिकाउनोस् ।
- ☐ नयाँ विश्वासीहरुलाई उनीहरुको आफन्त, मित्रहरु अनि सहकर्मीहरुलाई साक्षी दिन सिकाउनोस् ।
- ☐ कुनै सुसमाचारीय पर्चा प्रयोग गरेर कसरी मानिसहरुलाई प्रभुमा डोऱ्याउन सकिन्छ भनी नयाँ विश्वासीहरुलाई सिकाउनोस् ।
- ☐ आराधना सेवाहरुमा पनि, हाल भइरहेको सुसमाचारीय कामलाई जोड दिनुहोस् ।
- ☐ विश्वासीहरुका आफन्तहरु र मित्रहरु रहने नयाँ ठाउँहरुमा सुसमाचार प्रचारको काम थाल्नोस् ।

## अध्ययन छनौटहरु

**बाइबल पठन :**

- ☐ येशूको नाउँमा विजय पाउन हामीले के गर्नु पर्छ भनी यहोशू १:१-११ मा पत्ता लाउनोस् ।
- ☐ कसरी राष्ट्रहरु आशिषित हुनेछन् भनी उत्पत्ति १०:१ देखि १२:३ मा पत्ता लाउनोस् ।
- ☐ उहाँको राज्य घोषणा गर्नु भनी कसरी येशूले आज्ञा गर्नुभयो सो लूका १०:१-२४ मा पत्ता लाउनोस् ।
- ☐ लूका २३-२४ बाट असल सन्देशको विवरण पत्ता लाउनोस् ।
- ☐ प्रभु येशू ख्रीष्टलाई ग्रहण नगर्नेहरुलाई के हुनेछ सो मत्ती १३:२४-४३ र प्रकाश २०:११-१५ मा पत्ता लाउनोस् ।

**पाष्टरीय अगुवा तालीम पुस्तिका :**

- ☐ ४ दाऊद
- ☐ ५ प्रभावशाली सुसमाचार प्रचार
- ☐ ८ महान आज्ञा
- ☐ २६ ख्रीष्टको उपस्थिति र मण्डलीको विस्तार
- ☐ ३२ अरुहरुलाई साक्षी दिनु

# क७ इसाई जीवन जिउन सिकाउनोस्

## अभ्यासका काममा छनौटहरु

- ☐ खीष्टलाई प्रेम गर्नु, अनि उहाँको आज्ञा जान्नु र पालन गर्नु चाहिँ सर्वोच्च खाँचो हो भनेर नयाँ विश्वासीहरुलाई सिकाउनोस् ।
- ☐ "७ प्रभु येशू खीष्टलाई पछ्याउनु" जस्ता ईसाई जीवनको निम्ति आधारभूत निर्देशनसम्बन्धी पुस्तिका प्रयोग गर ेर "नयाँ चेलाहरु" को एउटा नयाँ झुण्ड शुरु गर्नोस् ।
- ☐ नयाँ विश्वासीहरुमा भएको मण्डली अनि इसाई जीवनसम्बन्धी प्रश्नहरुको उत्तर दिनुहोस् अनि दिनहुँ तिनीहरुका परिवारसहित प्रभु येशू खीष्टमा समर्पित हुन सहायता गर्नुहोस् ।
- ☐ परिवार, छिमेकी अनि मित्रहरुको निम्ति "नून र ज्योति" हुँदाको मूल्यबारे सिकाउनोस् ।
- ☐ हरेक नयाँ इसाईलाई प्रभुको निम्ति कुनै काम वा सेवकाइमा संलग्न गराउनोस् ।

## अध्ययन छनौटहरु

**बाइबल पठन :**

- ☐ मर्कूस १:१५, मत्ती ४:४, ७:७, २२:३७-३९, २८:१९,२०, लूका ६:३८ अनि २२:१९,२० मा प्रभु येशू खीष्टको आधारभूत आज्ञाहरु पत्ता लाउनोस् ।
- ☐ उत्पत्ति १२-१९ मा अब्राहामले जे गरे त्यसको महत्त्व पत्ता लाउनोस् ।
- ☐ मत्ती ५-७ मा येशूको चेलाले के गर्नुपर्छ सो पत्ता लाउनोस् ।
- ☐ १ तिमोथी ३:१६-१७ मा सबै बाइबल शिक्षाको उद्देश्य पत्ता लाउनोस् ।
- ☐ सारा मर्कूसको पुस्तकमा येशूको जीवनीमा भएका महत्त्वपूर्ण घट्नाहरु पत्ता लाउनोस् ।

**पाष्टरीय अगुवा तालीम पुस्तिका :**

- ☐ ७ प्रभु येशू खीष्टलाई पछ्याउनु
- ☐ ३० आफ्ना चेलाहरुको निम्ति येश खीष्टका ७ आज्ञाहरु
- ☐ ३३ परमेश्वर पवित्र आत्माको काम

**अन्य पठन :**

_____

# क८ परमेश्वर अनि आफ्नो छिमेकीको निम्ति प्रेम वृद्धि गर्नु

## अभ्यासका काममा छनौटहरु

- ☐ असल सामारीको उखान सिकाउनोस् अनि प्रयोगमा ल्याउनोस् ।
- ☐ छिमेकीमा हुने केही समस्याहरु चिन्नोस् अनि समाधान गर्नोस् ।
- ☐ तिनीहरुका छिमेकीहरुलाई सहयोग पुऱ्याउन केही विश्वासीहरुलाई सरल प्रोजेक्टहरु चलाउन प्रोत्साहित गर्नोस् ।
- ☐ नयाँ विश्वासीहरुलाई मण्डलीको संगतिमा सामेल हुन सहयोग गर्नुहोस् ।

## अध्ययन छनौटहरु

**बाइबल पठन :**

- ☐ कसरी दाऊदले उसको शत्रुलाई प्रेम देखायो, १ शमूएल २४ मा पत्ता लाउनोस् ।
- ☐ आफ्नो छिमेकीलाई कसरी वास्तविक प्रेम देखाउनु पर्ने हो लूका १०:२५-३७ मा पत्ता लाउनोस् ।
- ☐ सारा १ यूहन्नाको पुस्तकबाट प्रेमबारे दिइएको शिक्षा पत्ता लाउनोस् ।

**पाष्टरीय अगुवा तालीम पुस्तिका :**

- ☐ १९ नयाँ विश्वासीहरुलाई प्रेम गर्नु
- ☐ २१ मेरो छिमेकी

**अन्य पठन :**

_____

_____

_____

_____

# क९ बाइबल पढ्न अनि प्रयोग गर्न सिकाउनोस् ।

## अभ्यासका काममा छनौटहरु

- ☐ बाइबलका आधारभूत विषयहरु बुझ्नलाई सिकाउनोस् ।
- ☐ आफ्नो जीवन शैलीको रुपमा बाइबलको आज्ञा पालन गर्न सिकाउनोस् ।
- ☐ धर्मशास्त्रबाट दिनहुँ एक खण्ड पढेर प्रयोग गर्दछ भन्ने कुरामा निश्चित हुनुहोस् ।
- ☐ बाइबल अध्ययन झुण्ड निर्माण गर्नोस् । सम्भव भएसम्म उपलब्ध शिक्षण सामग्रीहरु प्रयोग गर्नोस् ।

## अध्ययन छनौटहरु

**बाइबल पठन :**

- ☐ मानिसहरुले दिनहुँ बाइबल प्रयोग गर्नको निम्ति के गरिएको थियो सो निहेम्याह ८ बाट पत्ता लाउनोस् ।
- ☐ काममा परिणत नगरी बाइबल सुन्नाले मात्र के हुन जान्छ सो मत्ती ७:२४-२६ बाट पत्ता लाउनोस् ।
- ☐ जब परमेश्वरको वचन बङ्गचाइन्छ वा गलत प्रकारले प्रयोग गरिन्छ, तब त्यो व्यक्ति कसरी गलत बाटोमा पर्न जान्छ भनी मत्ती १५:१-२० ले बताएको छ, पत्ता लाउनोस् ।
- ☐ १ पत्रुस १:२२ देखि २:३ बाट हाम्रो जीवनमा परमेश्वरको वचनको मूल्य पत्ता लाउनोस् ।
- ☐ परमेश्वरको वचन परिवर्तन गर्नेहरुलाई दिइएको चेतावनी प्रकाश २२:१८-१९ बाट पत्ता लाउनोस् ।

**पाष्टरीय अगुवा तालीम पुस्तिका :**

- ☐ ९ महान घट्नाहरु
- ☐ १४ बाइबल अध्ययन कसरी गर्ने

**अन्य पठन :**

_____

_____

_____

# क१० परमेश्वरलाई आराधना गर्न भेला हुनु

## प्रशिक्षकको लागि टिप्पणी

नयाँ मण्डलीमा, विद्यार्थीहरुले आराधना सेवा सञ्चालन गर्न ससाना सभाहरुमा सिक्दछन्, शुरु शुरुमा उनीहरुकै सुपरिवेक्षकको अगुवाइमा । जब यो ससाना झण्डहरु बढेर सार्वजनिकको निम्ति खुल्ला हुन्छ, तब स्थानीय अगुवाहरुले आराधना सेवा चलाइरहेका उनीहरुले भेट्टाउनेछन् । यदि विद्यार्थी स्वयं नयाँ विश्वासी हो भने, आर ाधनाको समयमा छोटो गरी बोल्नुपर्छ भनी सिकाउनुपर्दछ ।

प्रशिक्षकले सेवा संचालन गर्ने होइन । नत्रभने उसका विद्यार्थीहरु र अरु अगुवाहरुले जिम्मेवारी लिने छैनन्, नता सेवकाइहरु शुरु गर्न नै सिक्नेछन् । यदि मण्डली कसैको घरमा भेट्ने गर्दछ भने, अगुवाको घरमा नहुनु नै राम्रो हो । (किनकि सदस्यहरुले मण्डली "उसको" हो भन्ठान्छन्, अनि उनीहरुले कुनै पहिलो कदम चाल्ने वा जिम्मेवारी लिने काम गर्ने छैनन् ।)

## अभ्यासका काममा छनौटहरु

- ☐ पवित्र आत्माले सेवामा अगुवाइ प्रदान गरुन् भनी प्रार्थना गर्नोस् ।
- ☐ अगुवाहरु अनि वाद्यवादकहरुसँग मिली सेवाको तयारी धेरै अघि नै हुनु अति राम्रो हो ।
- ☐ परमेश्वरको निम्ति आराधना गर्न मिल्ने ठाउँमा भेला हुनु होस् (कुनै घरमा, स्कूल हलमा, ठूलो कोठामा, वा सेवा भवनमा, इत्यादि)।
- ☐ आत्मिकी आराधनाको निम्ति सेवाहरुको आयोजना भएको होस् जहाँ न्यानो वातावरणमा सदस्यहरुले आ-आफ्नो वरदानअनुसार सेवा पुऱ्याउन सकून् ।
- ☐ प्रभुभोजमा भाग लिनको निम्ति सबैलाई पहिल्यैबाट तयार पार्नुहोस् ।
- ☐ स्थानीय संस्कृति अनुसार आराधनाको तरिका अप्नाउनु होस् ताकि सबैले सहज महसूस गर्नसकून् ।

# क१० परमेश्वरलाई आराधना गर्न भेला हुनु (क्रमशः)

## अध्ययन छनौटहरु

**बाइबल पठन :**

- ☐ उत्पत्ति २०-३६ अनुसार आराधनाको निम्ति सठीक मनोवृत्ति पत्ता लाउनोस् ।
- ☐ परमेश्वरले जे दिनुहुन्छ, त्यो कसरी ग्रहण गर्ने भन्ने बारेमा प्रस्थान १६-१७ बाट पत्ता लाउनोस्, अनि यूहन्ना ५-६ सँग तुलना गर्नोस् ।
- ☐ प्रस्थान २७, ३३:७-१० मा पवित्रस्थानको अनि पूजाहारीको विवरण पत्ता लाउनोस् ।
- ☐ हामी कसरी परमेश्वरको अघि आउन सक्छौं सो भजन १०० बाट पत्ता लाउनोस् ।
- ☐ प्रेरितीय मण्डलीमा आराधना सेवा कस्तो थियो त्यसको विवरण प्रेरित २:३६-४७ बाट पत्ता लाउनोस् ।
- ☐ १ कोरन्थी ११, हिब्रू १०:२५ बाट सेवाहरुमा अगुवाइ गर्न र भाग लिनका निम्ति नमूनाहरु पत्ता लाउनोस् ।

**पाष्टरीय अगुवा तालीम पुस्तिका :**

- ☐ ११ पवित्र त्रिएक
- ☐ १२ घरेलु मण्डली
- ☐ १३ कसरी प्रार्थना गर्ने
- ☐ १८ प्रभुभोज
- ☐ ३१ परमप्रभुको निम्ति गाओ
- ☐ ३४ सर्वशक्तिमानको आराधना गर्नु

**अन्य पठन :**

_____

_____

# क११ पारिवारिक प्रार्थनाको जरुरी

## अभ्यासका काममा छनौटहरु

- ☐ आफ्ना परिवारसित लगातार प्रार्थना गर्न र बाइबल अध्ययन गर्न आफ्ना सदस्यहरुलाई सिकाउनोस् ।
- ☐ सहजसँग अनि स्वाभाविक ढङ्गले लोग्ने स्वास्नी अनि बाबुआमा र नानीहरु मिलेर कसरी प्रार्थना गर्ने सो परिवारलाई सिकाउनोस् (बिहान वा बेलुकी) ।
- ☐ परिवारहरु एकत्र हुन अनि तिनीहरुलाई निर्माण गर्न रिट्रिट गर्न सकिन्छ ।

## अध्ययन छनौटहरु

**बाइबल पठन :**

- ☐ यहोशू र अय्यूबले आफ्ना नानीहरुसित के गर्थे भनी यहोशू २४:१५ र अय्यूब १:५ बाट पत्ता लाउनोस् ।
- ☐ लूका १८:१५-१७ अनि एफिसी ६:४ अनुसार हामीले हाम्रा नानीहरुसित के गर्नुपर्छ ? पत्ता लाउनोस् ।
- ☐ यूहन्नाको सारा पुस्तकबाट नानीहरुलाई भन्नको निम्ति येशूका जीवनीका के कस्ता घट्नाहरु पाइन्छन्, पत्ता लाउनोस् ।

**पाष्टरीय अगुवा तालीम पुस्तिका :**

- ☐ ६ पारिवारिक प्रार्थना

**अन्य पठन :**

_____

_____

_____

_____

_____

# क१२ मण्डली र यसका अगुवाहरुलाई सुव्यवस्थित पार्नोस्

## अभ्यासका काममा छनौटहरु

- ☐ मण्डलीको लागि अगुवापनको बारेमा प्रभुबाट निर्देशन पाउनको लागि प्रार्थना गर्नोस् ।
- ☐ झुण्डको विकासको मूल्याङ्कन गर्नोस् अनि यसका दैनिक क्रियाकलापहरुलाई केलाउनु होस् ।
- ☐ अगुवा (एल्डरहरु)का नाउँ लेख्नोस् । प्रत्येकले पाष्टरीय जिम्मेवारी पाएको हुनुपर्छ ।
- ☐ मण्डलीका सेवाहरु (सुसमाचार प्रचार, नयाँ विश्वासीहरुलाई चेला बनाउने, आराधना सेवा, खाँचोमा पर `काहरुलाई सेवा पुऱ्याउने, मिसन, इत्यादि) संयोजन गर्नको लागि अगुवाहरु (एल्डरहरु) लाई लगातार भेट गराउन सहायता पुऱ्याउनोस् ।
- ☐ सदस्यहरुमा भएका स्वाभाविक वरदानहरु थाह गर्नोस् अनि होशियारपूर्वक सम्पूर्ण सम्भावित जिम्मेवारीहरु बाँडिदिनोस् ।
- ☐ सेवाहरुमा भएको उपस्थिति, अनि बप्तिस्मा र सदस्यताका बही कायम राख्नोस् ।
- ☐ यदि तपाईले अझसम्म गर्नुभएको छैन भने, एक कोषाध्यक्ष र सहायक कोषाध्यक्ष नियुक्त गर्न मण्डलीलाई सहयोग गर्नोस् । उनीहरुले बजेट बनाऊन् अनि आय-व्ययको हिसाब राखून् ।

टिप्पणी : पाष्टरीय तालीम कार्यक्रममा नयाँ एल्डरहरु नियुक्त गर्नोस् (हेर्नोस् क्रियाकलाप A16)

## अध्ययन छनौटहरु

### बाइबल पठन :

- ☐ लूका ६:१२-१६ अनुसार कसरी प्रभु येशूले आफ्ना प्रेरितहरु चुन्नुभयो, पत्ता लाउनोस् ।
- ☐ प्रस्थान १८:१३-२७ अनि निहेम्याह १-४ मा कसरी उद्देश्य हासिल गर्ने लक्ष्य राखी काम बाँडिएको थियो, पत्ता लाउनोस् ।
- ☐ १ कोरन्थी १२-१३ अनुसार कसरी ख्रीष्टको देह, मण्डलीले सुमधुर रुपमा मिलेर काम गर्दछ, पत्ता लाउनोस् ।
- ☐ कसरी मण्डलीको जीवनलाई सुव्यवस्थित पार्नुपर्ने हो सो प्रेरित १-१२ मा पत्ता लाउनोस् ।

### पाष्टरीय अगुवा तालीम पुस्तिका :

- ☐ ३ खुशीसाथ दिने व्यक्ति (यदि उनीहरुले बजेट बनाउन सहयोग गर्दछन् भने)
- ☐ २३ ख्रीष्टको देहको रुपमा व्यवस्थित हुनु

# क१३ मण्डलीमा संगतिको विकास गर्नु

## अभ्यासका काममा छनौटहरु

- ☐ सदस्यहरुलाई संगतिका सेवाहरु र खानपीनमा जुटाउनोस् ।
- ☐ मण्डलीमा स्वास्थ्य मनोरञ्जनका कार्यक्रमहरु पनि गराउनोस् ।
- ☐ खुशीसाथ अनि स्वतन्त्र वातावरणमा जिम्मेवारी निभाउँदा आनन्दित हुनसकिने पारिवारिक जीवनको मूल्य सिकाउनोस् ।

## अध्ययन छनौटहरु

**बाइबल पठन :**

- ☐ आफ्नो परिवारको निम्ति युसुफमा भएको प्रेमको बारेमा पत्ता लाउनोस् । (उसले झेल्नु परेका कष्टहरु पनि भन्नोस्)
- ☐ १ कोरन्थी ११:२३-३४ अनुसार आराधना सेवाको नमूना पत्ता लाउनोस् ।
- ☐ यूहन्ना १३:३४-३५, एफिसी ४:३२-३२, १ यूहन्ना (सारा पुस्तिका) बाट इसाई संगतिका आधारहरु पत्ता लाउनोस् ।
- ☐ हाम्रा परमेश्वर अनि हाम्रा छिमेकीको निम्ति कसरी प्रेम वृद्धि गर्ने बारेमा एफिसी (सारा पुस्तक)बाट पत्ता लाउनोस् ।

**पाष्टरीय अगुवा तालीम पुस्तिका :**

- ☐ २१ मेरो छिमेकी

**अन्य पठन :**

_____

_____

_____

# क१४ खीष्टमा भएका सन्तानहरुलाई भेट्ने अनि उत्साहित पार्ने

## अभ्यासका काममा छनौटहरु

- ☐ हरेकलाई समेट्ने गरी पाष्टरी भेटघाटको योजना मिलाउनोस् ।
- ☐ गाह्रो अवस्थामा भएकाहरुलाई एक टीम लिएर भेट्न जानोस् ।
- ☐ जब भेटघाटमा जानुहुन्छ, कसैलाई लिएर जानोस् अनि उनीहरुले पनि यो काम कसरी गर्ने हो भनी सिक्नेछन् ।

## अध्ययन छनौटहरु

**बाइबल पठन :**

- ☐ अब्राहाम र सारालाई भएको स्वर्गदूतको दर्शनबाट उनीहरुले के प्रतिज्ञा पाए, उत्पत्ति १८:१-१५ बाट पत्ता लाउनोस् ।
- ☐ किन पत्रुसले डोरकासलाई भेटे ? प्रेरित ९:३६-४३ बाट (याकूब १:२७ सित तुलना गर्दै) पत्ता लाउनोस् ।

**पाष्टरीय अगुवा तालीम पुस्तिका :**

- ☐ २२ खीष्टको आज्ञाकारी
- ☐ २९ परमेश्वरको राज्य पहिले खोजी गर

**अन्य पठन :**

_____

_____

_____

_____

# क१५ भण्डारेपनको विकास

## अभ्यासका काममा छनौटहरु

- ☐ उदारचित्तले दसांश अनि अन्य भेटीहरु दिनुको महत्त्व सिकाउनोस् ।
- ☐ आय-व्ययको हिसाब राख्नको निम्ति, एक कोषाध्यक्ष र सह-कोषाध्यक्ष नियुक्ति गर्नको लागि मण्डलीलाई सहयोग गर्नोस् ।
- ☐ अनुमानित आय र योजनागत खर्च गर्ने बजेट तयार पार्नोस् । बजेट बनाउँदा सुसमाचार नपुगेका भागहरुमा प्रचारकहरुलाई सहयोग पुऱ्याउने बजेट पनि सामेल गर्न नभुल्नोस् ।

## अध्ययन छनौटहरु

**बाइबल पठन :**

- ☐ अब्राहामले पूजाहारी मल्किसेदेकलाई के दिए ? उत्पत्ति १४:१७-२४ बाट (मलाकी ३:१० सित तुलना गर्दै) पत्ता लाउनोस् ।
- ☐ किन मोशाले मानिसहरुलाई उनीहरुको भेटीहरु ल्याउन रोके, प्रस्थान ३५-३६ बाट पत्ता लाउनोस् ।
- ☐ हामीले परमेश्वरलाई जे दिन्छौं, त्यसलाई परमेश्वरले कसरी हेर्नुहुन्छ भनी लूका २१:१-४ बाट पत्ता लाउनोस् ।
- ☐ दिनुको पक्षमा सठीक मनोवृत्ति कस्तो हुनुपर्छ भनी प्रेरित ८:४-२५ बाट (२ कोरन्थी ९:६-८ सित तुलना गर्दै) पत्ता लाउनोस् ।

**पाष्टरीय अगुवा तालीम पुस्तिका :**

- ☐ ३ खुशीसाथ दिने व्यक्ति

**अन्य पठन :**

_____

_____

_____

# क१६ नयाँ पाष्टरीय विद्यार्थीहरु भर्ना गर्नोस्

## प्रशिक्षकको निम्ति टिप्पणी :

सारा कार्यक्रमभरि यो क्रियाकलाप दोहोरिन्छ। जब योग्य पाष्टरीय विद्यार्थी उपलब्ध हुन्छन् तब यो क्रियाकलाप गर्नुपर्छ। यहाँ, लेभल १ को अन्तमा, विद्यार्थीले नै नयाँ पाष्टरीय सेवकहरुलाई तालीम दिन थाल्नेछन्। विद्यार्थीले त्यत्रो जिम्मेवारी लिनसक्छ भन्ने भरोसा यदि प्रशिक्षकलाई लाग्दैन भने उ आफैले यो काम गर्नसक्छ। यो क्रियाकलाप लेभल २ मा पनि दोहोरिन्छ। फलस्वरुप, त्यो तालीमे विद्यार्थी नयाँ विद्यार्थीहरुलाई पाष्टरीय तालीम दिनसक्ने बनून्। यसरी मात्र, नयाँ पाष्टरीय सेवकहरुको तालीम चलिरहन्छ, अनि नयाँ झुण्डहरु र मण्डलीहरु गुणनात्मक ढङ्गमा बढिरहनेछ भन्ने कुरामा हामी निश्चित बन्नसक्छौं।

## अभ्यासका काममा छनौटहरु

- ☐ परमेश्वरको बोलावट पाएको अनि क्षमता भएको दुई वत तीन सम्भावित नयाँ पाष्टरीय विद्यार्थीहरु भेटाउनोस् अनि उनीहरुको लागि प्रार्थना गर्नोस्।
- ☐ विद्यार्थीहरुले कुन चाहिँ नयाँ पाष्टरीय सेवकाइहरु गर्नसक्छन् (उदाहरणको निम्ति, नयाँ झुण्ड वा मण्डली शुरु गर्ने अथवा अगुवाइ गर्ने), मिलेर निर्णय गर्नोस्।
- ☐ "२४ पाष्टरीय अगुवा तालीम अनि तपाई" पुस्तिका प्रयोग गरेर ती चुनिएकाहरुलाई भर्ना गर्नुहोस्।
- ☐ अभ्यासको काम, तालीम सेसनहरु अनि विद्यार्थीहरुसित अध्ययन शुरु गर्नोस्।

## अध्ययन छनौटहरु

### बाइबल पठन :

- ☐ कसरी परमेश्वरले मोशालाई तयार पार्नुभयो, बोलाउनु भयो, अनि प्रयोग गर्नुभयो, प्रस्थान १-१० बाट (२ तिमोथी २:२ सित तुलना गर्दै) पत्ता लाउनोस्।
- ☐ १ तिमोथी (सम्पूर्ण पुस्तक) बाट पाष्टरको निम्ति चाहिएको आधारभूत मान्यताहरु पत्ता लाउनोस्।
- ☐ कसरी मोशाले अरु अगुवाहरुलाई उत्साहित पारे, प्रस्थान ११-२० बाट (तीतस १:५ सित तुलना गर्दै) पत्ता लाउनोस्।

### पाष्टरीय अगुवा तालीम पुस्तिका :

- ☐ २४ पाष्टरीय अगुवा तालीम अनि तपाई
- ☐ यो विद्यार्थी क्रियाकलाप गाइड
- ☐ १-३४ पाष्टरीय तालीम पुस्तिकाहरु

# क१७ विश्वव्यापी सुसमाचार प्रचारको निम्ति प्रार्थना गर्नोस्

## अभ्यासका काममा छनौटहरु

- ☐ सेवा हुने कोठाको पर्खालमा संसारको मानचित्र राख्नोस् ।
- ☐ महान आज्ञाको जिम्मेवारी सिकाउनोस् ।
- ☐ खीष्ट नचिनिएका ठाउँहरुमा सुसमाचार पुगोस् भनेर प्रार्थना गर्नोस् ।
- ☐ संसारका खाँचोहरुको निम्ति लगातार प्रार्थना गरिरहनोस् ।
- ☐ जब सम्भव हुन्छ, संसारका विभिन्न भागमा भएका मिसिनेरीहरुबाट सूचनाहरु बटुल्नोस् ।

## अध्ययन छनौटहरु

**बाइबल पठन :**

- ☐ सारा राष्ट्रहरुको निम्ति गरिएको आशिषको प्रतिज्ञाबारे उत्पत्ति १२:१-३ (मत्ती २८:१८-२० सित तुलना गर्दै) पत्ता लाउनोस् ।

**पाष्टरीय अगुवा तालीम पुस्तिका :**

- ☐ २७ हरेक राष्ट्रमा सुसमाचार पुऱ्याउनु

**अन्य पठन :**

# क१८ पहिलो तहको पुनरावलोकन र मूल्याङ्कन

तालीम र वृद्धि कार्यक्रममा हामीले क्रियाकलापहरुलाई दोहोऱ्याउने काम गर्दछौं, ताकि मण्डली यी कुराहरुमा निश्चित होऊन् :

- ☐ मण्डलीले खीष्टको आधारभूत आज्ञाहरु पालन गरिरहेको छ ।
- ☐ मण्डलीको विकास राम्ररी भइरहेको छ ।
- ☐ मण्डलीले सुसमाचार प्रचार गर्न कहिल्यै छोड्दैन ।
- ☐ "पाष्टरीय सेवकाइका सम्पूर्ण क्षेत्रहरु"मा मण्डलीले विकास गरिरहेको छ ।
- ☐ मण्डली जमेर रहिरहँदैन, तर "मण्डलीहरुको साङ्लो" नभएसम्म, अनि अरु संस्कृति र राष्ट्रहरुमा मिसनेर ीहरु नपठाइञ्जेलसम्म शाखा मण्डलीहरु स्थापित गर्ने काम गरिरहन्छ ।

## पाष्टरीय सेवकाइका क्षेत्रहरुको मूल्याङ्कन

- ☐ हरेकले लगातार प्रार्थना गर्नु ।
- ☐ आफन्तहरु, मित्रहरु अनि सम्पर्कमा आएका व्यक्तिहरुलाई लगातार सुसमाचार प्रचार गर्नु ।
- ☐ प्रभुको आधारभूत आज्ञाहरु सिकाउनु अनि आज्ञा पालन गर्नु ।
- ☐ सेवाहरुको गुण र आत्मिकी गहनता ।
- ☐ मण्डलीको आधारतभूत संगठन ।
- ☐ मण्डलीको प्रेम र संगति ।
- ☐ मण्डलीको भेटघाट अनि पाष्टरीय वास्ता ।
- ☐ मण्डलीको समर्पण र भण्डारेपनको तह ।
- ☐ सम्भावित नयाँ पाष्टरीय / अगुवा विद्यार्थीहरु ।
- ☐ विश्वव्यापी सुसमाचार प्रचारमा अभिरुचि ।
- ☐ सबै क्रियाकलापहरु प्रथम तहमा नै सकिएको छ ।

## क्तगमथ इउतष्यलक

### पाष्टरीय अगुवा तालीम पुस्तिका :

- ☐ १० इसाई चरित्रमा बढ्दै जानु
- ☐ २८ पहिलो तहको पुनरावलोकन

# क१९ मण्डलीमा प्रार्थनाको विकास

## अभ्यासका काममा छनौटहरु

- ☐ प्रार्थनाद्वारा परमेश्वरमा हाम्रो भरोसालाई अभिव्यक्त गर्न विश्वासीहरुलाई सिकाउनोस् ।
- ☐ मण्डली जीवनको हरेक क्षेत्रमा प्रार्थना हुन्छ भनेर निश्चित गराउनोस् ।
- ☐ सेवकाइको लागि प्रार्थना गर्ने झुण्ड तयार पार्नोस् जो लगातार प्रार्थनाको लागि भेट्छन् ।
- ☐ सार्वजनिक आराधनामा गहिरो अन्तर्विन्ती गर्ने ।
- ☐ सेवकाइको लागि लगातार प्रार्थना गर्नेहरु मिलाएर अन्तर्विन्तीको सेवकाइ विकास गर्नोस् ।
- ☐ सारा दिन वा रातभर गरिने साङ्लो प्रार्थनाको विकास गर्नोस् ।
- ☐ परमेश्वरको राज्य विस्तारको निम्ति सदस्यहरुलाई उपवास बस्न सिकाउनोस् ।

## अध्ययन छनौटहरु

**बाइबल पठन :**

- ☐ दानिएलको पुस्तकबाट दानिएल र उसका साथीहरुको विश्वासको नमूना पत्ता लाउनोस् ।
- ☐ कसरी दानिएलले आफ्नो विश्वास र साहस देखाए, दानिएल ६ (१ थिस्स. ५:१७ सित तुलना गर्दै) पत्ता लाउनोस् ।
- ☐ एक अगुवाले प्रार्थना गर्दा आफ्ना मानिसहरुको निम्ति के चाहन्छ, दानिएल ९ बाट (एफिसी १:१५-२३ सित तुलना गर्दै पत्ता लाउनोस् ।
- ☐ येशूले आफ्नै निम्ति अनि हामीहरुको निम्ति आफ्ना पितासित के भनी प्रार्थना गर्नुभयो, यूहन्ना १७ बाट पत्ता लाउनोस् ।
- ☐ १ यूहन्ना १:८ देखि २:२ बाट पाप स्वीकारका आधारहरु पत्ता लाउनोस् ।

**पाष्टरीय अगुवा तालीम पुस्तिका :**

- ☐ ४७ मण्डलीमा अन्तर्विन्ती
- ☐ ५७ अन्धकारमाथि विजयी बन्दै जानु

**अन्य पठन :**

# क२० नयाँ स्थानहरुमा सुसमाचार प्रचार गर्नु

## अभ्यासका काममा छनौटहरु

- ☐ सुसमाचार प्रचारको निम्ति नयाँ ठाउँहरुतिर "मण्डलीका आँखाहरुलाई उचाल्न" सहायता गर्नोस् ।
- ☐ नयाँ स्थानहरुमा सुसमाचार प्रचार थाल्नको निम्ति ठोस योजनाहरु बनाउनोस् (मिति, नाउँ अनि गर्नु पर्ने कार्यहरु तोकेर)
- ☐ सुसमाचार प्रचार झुण्ड गठन गर्ने, अनि सुसमाचारमा रुची राख्ने मानिसहरु खोज्ने काम थाल्नोस् ।
- ☐ सम्पर्कमा रहेका व्यक्तिहरुलाई भेटघाट गर्नोस्– विशेष गरी सुसमाचार प्रचार टोलीमा हुनुभएका सदस्यहरुकै आफन्तहरु, अनि मित्रहरुलाई
- ☐ यो काम अघि बढिरहोस् भनेर प्रार्थना गरिरहनोस् ।
- ☐ रुची लिने व्यक्तिहरुको लागि अनुगमन भेटघाटको निम्ति राम्रो योजना मिलाउनोस् ।
- ☐ "२ सर्वोत्तम सन्देश" जस्ता पुस्तिकाहरु प्रयोग गरेर भिजिट गरिएका नयाँ घरहरुमा बाइबल अध्ययनहरु शुरु गर्नोस् ।

## अध्ययन छनौटहरु

**बाइबल पठन :**

- ☐ जब यहोशूले मूर्तिपूजकहरुलाई पराजित गरे त्यहाँ देखाइएको आज्ञाकारिताबारे यहोशू १० मा पत्ता लाउनोस् ।
- ☐ येशू ख्रीष्टले मानिसहरुलाई बचाउनको निम्ति गर्नुहुने कामहरुबारे पुरानो करारमा भएका अगमवाणीहरु यशैया ५२:१३ देखि ५३:१२ बाट पत्ता लाउनोस् ।
- ☐ कसरी मण्डलीहरु बढ्छन् अनि वृद्धि हुन्छन्, सो मत्ती १३ बाट पत्ता लाउनोस् ।
- ☐ अरु ठाउँहरुबाट मानिसहरुलाई "फसल" को राज्यमा ल्याउनको निम्ति येशूमा भएको दर्शनलाई यूहन्ना ४ बाट पत्ता लाउनोस् ।

# क२० नयाँ स्थानहरुमा सुसमाचार प्रचार गर्नु (क्रमशः)

**बाइबल पठनः (क्रमश :**

- ☐ सुसमाचार प्रचारमा कसरी बाइबल प्रयोग गर्नुपर्ने त्यसबारे एक उदाहरण प्रेरित ८:२६-४० बाट पत्ता लाउनोस् ।
- ☐ मण्डलीले पठाइने मिसनेरी टीममा हुनुपर्ने गुणहरु पत्ता लाउनोस् ।
- ☐ लूकाको सम्पूर्ण पुस्तकबाट येशूको जीवनमा भएका प्रमुख घट्नाहरु पत्ता लाउनोस् । (एक एक गर्दै एक पानामा उतार्नोस्)

**पाष्टरीय अगुवा तालीम पुस्तिका :**

- ☐ ५२ मण्डलीहरु वृद्धि होऊन्

**अन्य पठन :**

# क२१ नयाँ मण्डलीहरु स्थापना गर्नोस्

## अभ्यासका काममा छनौटहरु

- ☐ नयाँ मण्डलीहरु स्थापना गर्नको निम्ति परमेश्वरको अगुवाइ खोज्नोस् ।
- ☐ धेरैवटा नयाँ मण्डलीहरु स्थापना गर्नको निम्ति योजनाहरु बनाउनोस् ।
- ☐ मण्डली स्थापना गर्ने टीमहरुमा अझ धेरै सदस्यहरु सामेल गराउनोस् ।
- ☐ सुसमाचार पुऱ्याइएका नयाँ ठाउँहरुमा ती सम्पर्कित व्यक्तिहरुसित सम्पर्क जारी राख्ने व्यवस्था मिलाउनोस् ।
- ☐ तल भनिएका पुस्तिकाहरु प्रयोग गरेर नयाँ विश्वासीहरुलाई निर्माण गर्नोस्, अनि संगति वृद्धि गर्नोस् अनि अध्ययन झुण्डहरु शुरु गर्नोस् ।
  - "२ सर्वोत्तम सन्देश" पुस्तिका
  - "७ प्रभु येशू खीष्टलाई पछ्याउनु" पुस्तिका
- ☐ एउटा नयाँ मण्डली स्थापित गर्नोस् (त्यसपछि अरु)।
- ☐ नयाँ अगुवाहरुलाई नयाँ झुण्डमा पाष्टरी जिम्मेवारी निभाउनको निम्ति तालीम दिन थाल्नोस् ।
  (हेर्नोस् क्रियाकलाप ब्द्धढ "नयाँ पाष्टरीय अगुवा विद्यार्थीहरुलाई तालीम दिनु")

## अध्ययन छनौटहरु

**बाइबल पठन :**

- ☐ यहोशू १ मा यहोशूको आज्ञा र कसरी उसले सेनाहरु तयार पारे सो पत्ता लाउनोस् ।
- ☐ मत्ती २६-२८ (गलाती १:६-१२ सित तुलना गर्दै) येशू खीष्टको उद्धारको कामबारे पत्ता लाउनोस् ।
- ☐ मण्डली स्थापना गर्नको निम्ति के गर्नको निम्ति पवित्र आत्माले अगुवाइ गर्नुभयो, सो प्रेरित २ अध्यायमा पत्ता लाउनोस् ।

**पाष्टरीय अगुवा तालीम पुस्तिका :**

- ☐ ३७ मण्डली स्थापनाबारे निर्देशिका
- ☐ ५० छोरी मण्डलीहरु स्थापित गरौं

**अन्य पठन :**

_____

# क२२ चेला बनाउने अभ्यास गर्नु

## अभ्यासका काममा छनौटहरु

- ☐ चेला बनाउने आधारभूत काममा हरेकले सहभागी हुन पाउने तरिका सिकाउनोस् ।
- ☐ "७ प्रभु येशू खीष्टलाई पछ्याउनु" पुस्तिका प्रयोग गरेर भर्खरै विश्वासमा आएका नयाँ विश्वासीहरुलाई "चेला" बन्न सिकाउनोस् ।
- ☐ विश्वासमा आएका नयाँ व्यक्तिहरुलाई सरल बाइबल अध्ययन गराउन अरु परिपक्व विश्वासीहरुलाई तालीम दिनोस् । सम्भव भएदेखि, शिक्षण सामग्रीहरु प्रयोग गर्नोस् ।

## अध्ययन छनौटहरु

**बाइबल पठन :**

- ☐ प्रस्थान २० मा सबै चेलाहरुलाई लागू हुनसक्ने पुरानो करारका नियमहरु पत्ता लाउनोस् ।
- ☐ बाह्र जना चेलाहरु छान्नुको निम्ति खीष्टको उद्देश्य मर्कूस ३:१३-१९ मा पत्ता लाउनोस् ।
- ☐ मत्ती (सम्पूर्ण पुस्तकबाट) चेला बनाउने सम्बन्धमा येशूको शिक्षा पत्ता लाउनोस् ।

**पाष्टरीय अगुवा तालीम पुस्तिका :**

- ☐ ७ प्रभु येशू खीष्टलाई पछ्याउनु

**अन्य पठन :**

_____

_____

_____

_____

_____

# क२३ बाइबल शिक्षणलाई विकास गर्नु

## अभ्यासका काममा छनौटहरु

- ☐ अरु मानिसहरुलाई खीष्टमा जित्नको निम्ति नयाँ सदस्यहरुलाई उत्साहित पार्नोस्, अनि तिनीहरुलाई झुण्डमा सामेल गराउनोस् ।
- ☐ बाइबलका आधारभूत सिद्धान्तहरु सिकाउनोस् । झुण्डमा हुने बाइबल अध्ययनसँग अरु सेवकाइहरु पनि संलग्न गराउनोस् ।
- ☐ विद्यार्थीहरुले बाइबलबाट जे सिकेका छन् ती उनीहरुले व्यवहारमा उतार्दैछन् भन्ने कुरामा निश्चित हुनुहोस् ।
- ☐ मण्डलीमा एक प्रणालिवद्ध बाइबल शिक्षण कार्यक्रम शुरु गर्नोस् । सम्भव भएसम्म, शिक्षण सामग्रीहरु प्रयोग गर्नोस् ।
- ☐ नानीहरु अनि जवानहरुको लागि छुट्याइएका बाइबल शिक्षकहरुलाई तालीम दिनोस् ।
- ☐ आफ्ना सहयोगीहरुलाई तालीम दिनको निम्ति हरेक शिक्षकलाई सहायता पुऱ्याउनोस्, जसले पछि गएर उनीहरुको आफ्नै झुण्डहरु शुरु गर्नसक्नेछन् ।

## अध्ययन छनौटहरु

**बाइबल पठन :**

- ☐ प्रस्थान २० मा पुरानो व्यवस्थाका आधार पत्ता लाउनोस् जो पूर्ण रुपमा पालन गर्नसकिएन ।
- ☐ व्यवस्थाको पुस्तक (सम्पूर्ण) बाट परमेश्वरको वचन जान्ने अनि पालन गर्ने कारणहरु पत्ता लाउनोस् ।
- ☐ प्रेरित २:४६-४७ मा कसरी वचन सिकाइयो, अनि कस्तो परिणाम आयो, सो पत्ता लाउनोस् ।
- ☐ कसरी एक पवित्र जीवन जिउन सकिन्छ, कलस्सीको पुस्तक (सम्पूर्ण) बाट पत्ता लाउनोस् ।

**पाष्टरीय अगुवा तालीम पुस्तिका :**

- ☐ ४२ गतिशील सिद्धान्तहरु
- ☐ ५१ नानीहरुलाई मकहाँ आउनदेओ
- ☐ ६१ तपाईंको मण्डलीको शिक्षण कार्यक्रम

**अन्य पठन :**

# क२४ झूटा शिक्षासित कसरी व्यवहार गर्ने

## अभ्यासका काममा छनौटहरु

- ☐ मण्डलीलाई खतरामा पार्ने झूटा शिक्षाहरुको बारेमा शिक्षा दिनुहोस्, यिनीहरुलाई पछ्याउनेहरु परिवर्तन होऊन् भनेर प्रार्थना गर्नुहोस्, अनि तिनीहरुको गल्तीलाई बुझाउने गरी बाइबलका सत्यहरु सिकाउनोस् ।
- ☐ सम्भव भए, झूटा शिक्षामा भएकाहरुलाई तिनीहरुको भूलबाट बचाउनोस्, अनि तिनीहरुलाई खीष्टमा ल्याउनोस् ।

## अध्ययन छनौटहरु

**बाइबल पठन :**

- ☐ किन परमेश्वरले आफ्ना मानिसहरुलाई नष्ट पार्नको निम्ति चेतावनी दिनुभयो, प्रस्थान ३२-३४ बाट (१ यूहन्ना ४:१-३ सित तुलना गर्दै) पत्ता लाउनोस् ।
- ☐ कसरी एक अगमवक्ताले झूटा शिक्षाको सामना गर्नुपर्छ भनी सिकाउनुभयो यर्मियाको पुस्तक (सम्पूर्ण) बाट पत्ता लाउनोस् ।
- ☐ कसरी परमेश्वरले अनाज्ञाकारीलाई सजाय दिनुभयो सो ओबादियाको पुस्तक (प्रेरित ५:१-११ सित तुलना गर्दै) पत्ता लाउनोस् ।
- ☐ पावलले सच्च्याउनु परेको झूटा शिक्षाबारे २ थिस्सलोनिकीको पुस्तकबाट पत्ता लाउनोस् ।
- ☐ झूटा शिक्षालाई इन्कार गर्नुपर्ने उपायहरु १ र २ पत्रुस, २ र ३ यूहन्ना र यहूदा (सबै) बाट पत्ता लाउनोस् ।

**पाष्टरीय अगुवा तालीम पुस्तिका :**

- ☐ ६२ ब्वाँसाहरु

**अन्य पठन :**

_____

_____

# क२५ विरोध र सतावटको सामना गरौं

## अभ्यासका काममा छनौटहरु

- ☐ सबै विश्वासीहरुले उनीहरुको जीवनकालमा सतावट, इन्कार अथवा गिल्ला सहनै पर्छ, अनि यसलाई कसरी सामना गर्ने भनी बाइबल प्रयोग गरेर सदस्यहरुलाई सिकाउनोस् ।
- ☐ मण्डलीको इतिहासभरि कसरी इसाईहरुले सतावटलाई सामना गरेर विजयी बने सो सिकाउनोस् ।
- ☐ आफ्ना परिवार, साथीसङ्गी अथवा कामदारहरुबाट इन्कार भइरहेकाहरुलाई उत्साहित पार्नोस् अनि सामर्थ्यवान् तुल्याउनुहोस् ।

## अध्ययन छनौटहरु

**बाइबल पठन :**

- ☐ कसरी दाऊदले विरोधको सामना गर्नुपर्‍यो १ शमूएल १७-२२ बाट पत्ता लाउनोस् ।
- ☐ कसरी यहोशूले परमेश्वरका शत्रुहरुको सामना गरे सो यहोशूको पुस्तक (सम्पूर्ण) बाट पत्ता लाउनोस् ।
- ☐ कसरी यरुशलेमको पतनमा यर्मियाले विलाप गरे सो विलापको पुस्तक (सम्पूर्ण) बाट पत्ता लाउनोस् ।
- ☐ जब सतावट आयो येशूले के गर्नुभयो सो मर्कूस १४:५३-६५ बाट पत्ता लाउनोस् ।
- ☐ किन संसारले हाम्रो विरोध गर्दछ यूहन्ना १५:१८-१६:४ बाट पत्ता लाउनोस् ।
- ☐ सतावट आइपर्दा के गर्नुपर्छ भनी प्रेरित ७ र ९ (मत्ती ११-१२, १०:१७-२० सित तुलना गर्दै पत्ता लाउनोस् ।

**अन्य पठन :**

_____

_____

_____

_____

# क२६ बाइबलको सन्देश प्रचारौं

## अभ्यासका काममा छनौटहरु

- ☐ परिवर्तित नभएकाहरुलाई सुसमाचार प्रचार गर्नोस् ।
- ☐ तपाईको मण्डलीको आत्मिकी खाँचो अनुसार प्रचार गर्नोस् ।
- ☐ बाइबलका पुस्तकहरुबाट सन्देशहरु तयार पार्नोस् ।

## अध्ययन छनौटहरु

**बाइबल पठन :**

- ☐ विश्वासयोग्य प्रचारकको जिम्मेवारी र इनामहरु के के हुन् २ तिमोथी ४:१-८ बाट पत्ता लाउनोस्
- ☐ कसरी युसुफ र येशूको जीवनलाई तुलना गर्न सकिन्छ उत्पत्ति ३७-४५ बाट पत्ता लाउनोस् ।
- ☐ ापरिपक्व इसाई जीवनतर्फका कदमहरु रोमीको पुस्तक (सम्पूर्ण) बाट पत्ता लाउनोस् ।
- ☐ भाइहरुलाई प्रोत्साहन गर्नको निम्ति परामर्शसम्बन्धमा १ थिस्सलोनिकी (सम्पुर्ण पुस्तक) बाट पत्ता लाउनोस् ।

**पाष्टरीय अगुवा तालीम पुस्तिका :**

- ☐ ३५ बाइबलको अधिकार
- ☐ ४३ प्रवचन बोल्ने तरिकामा सहयोग
- ☐ ५८ यूहन्नाको सुसमाचारबाट शक्तिशाली सन्देशहरु
- ☐ ५९ रोमीहरुलाईः विश्वासको जीवन

**अन्य पठन :**

_____

_____

# क२७ विशेष सेवाहरु अनि सभाहरु आयोजना गर्नु

## अभ्यासका काममा छनौटहरु

- ☐ आराधना सेवाहरुको लागि इच्छुक संयोजकहरुका नाउँहरु ।
- ☐ नयाँ सम्पर्कित व्यक्तिहरुलाई सार्वजनिक आराधना सेवाहरुमा आमन्त्रित गर्नोस् ।
- ☐ सार्वजनिक आराधना सेवाहरु यति आकर्षित पाराले तयार पार्नोस् कि नयाँ व्यक्तिहरुलाई फेरि पनि आउन मन लागोस् ।
- ☐ नयाँ विश्वासीहरुले सिक्न सक्ने गीतहरु गाउनोस् (कोरसहरु लामा लामा गीतहरुभन्दा सजिलो होला)।
- ☐ सेवाहरु अगुवाइ गर्नसक्ने व्यक्तिहरुलाई यस विषयमा असल कोर्स प्रयोग गरी तालीम दिनोस् ।
- ☐ सेवामा कुनै पनि रुपमा भाग लिनेहरुलाई तालीम दिनोस् (उदाहरणको लागि, बाइबल खण्डहरु पढ्ने, सूचना भन्ने, इत्यादि)।
- ☐ नयाँ भजन तथा कोरसहरु बनाउनोस् ।
- ☐ बाइबलीय नाटकहरु, अनि अरु कलात्मक अथवा सिर्जनात्मक उपायद्वारा परमेश्वरको वचन प्रस्तुत गर्नोस् ।
- ☐ विदाका दिनहरुको निम्ति अनि समुदायको अभिरुची अनुसार विशेष विशेष कार्यक्रमहरु तयार पार्नोस् ।

## अध्ययन छनौटहरु

**बाइबल पठन :**

- ☐ कसरी प्रथम पटक निस्तार-चाड मनाइयो प्रस्थान १२-१३ बाट पत्ता लाउनोस् ।
- ☐ पुरानो करारमा आराधना कस्तो प्रकारको हुन्थ्यो लेवी १-२२ बाट पत्ता लाउनोस् ।
- ☐ आराधना र आचरणको निम्ति के कस्ता इस्राएली नियमहरु थिए गन्ती ५-१० बाट पत्ता लाउनोस् ।
- ☐ एक अति विशेष सेवाको के भयो २ इतिहास ५-६ बाट पत्ता लाउनोस् ।

# क२७ विशेष सेवाहरु अनि सभाहरु आयोजना गर्नु (क्रमशः)

**बाइबल पठनः (क्रमश :**

- ☐ कसरी परमेश्वरले येशूलाई आफ्ना चेलाहरुको उपस्थितिमा महिमित पार्नुभयो मत्ती १७:१-१३ बाट पत्ता लाउनोस् ।
- ☐ अन्तिम भोजमा आफ्ना चेलाहरुसित प्रभुको घनिष्ट सम्बन्धबारे मर्कूस १४:१-३१ बाट पत्ता लाउनोस् ।
- ☐ मत्ती १-२, अनि लूका १-२ बाट खीष्टमसबारे पत्ता लाउनोस् ।
- ☐ मत्ती २१-२८, यूहन्ना १२-२१ बाट ईस्टर सातामा भएका घट्नाहरु पत्ता लाउनोस् ।
- ☐ आराधना सेवाहरु व्यवस्थित ढङ्गमा कसरी अगुवाइ गर्नु १ कोरन्थी १४, १ तिमोथी २ बाट पत्ता लाउनोस् ।

**पाष्टरीय अगुवा तालीम पुस्तिका :**

- ☐ १२ घरेलु मण्डली
- ☐ ३१ परमप्रभुको निम्ति गाओ
- ☐ ३४ सर्वशक्तिमानको आराधना गर्नु

**अन्य पठन :**

# क२८ अगुवाहरु (एल्डरहरु)को माझ जिम्मेवारीहरु मिलाउनु अनि बाँढ्नु

## अभ्यासका काममा छनौटहरु

- ☐ अघिल्लो वर्षको वृद्धिलाई मूल्याङ्कन गर्नोस् । (कति जना नयाँ विश्वासीहरु अझ पनि सक्रिय सदस्यहरु छन् ?)
- ☐ अघिल्लो वर्षमा नै सुसमाचारको निम्ति योजना मिलाउनोस् ।
- ☐ छोरी, नातिनी, पनातिनी मण्डलीहरु स्थापना गर्ने योजनाहरु मिलाउनोस् ।
- ☐ झुण्डहरुको गुणन, अनि अगुवाहरु र सहायक अगुवाहरुको तालीमको लागि योजना मिलाउनोस् ।
- ☐ सबै सेवकाइहरुका परिणामहरुको मूल्याङ्कन गर्नोस् (आवश्यक्ता अनुसार, अगुवाहरुलाई नयाँ सेवकाइ दिनोस् अथवा नयाँ व्यक्ति ल्याउनोस् अथवा सपोर्ट गर्नोस्)।
- ☐ योजनाहरु र खाँचोबारे मण्डलीलाई बारम्बार जानकारी दिइराख्नोस् ।
